# ढोरपाटन नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### बुर्तिवाङ, बागलुङ

पत्र संख्याः २०८०।०८१ गण्डकी प्रदेश, नेपाल

चलानी नं.: ६७९ मितिः २०८०/०९/०२

नगर कार्यपालिकाको कार्यालय
बुर्तिवाङ, बागलुङ
गण्डकी प्रदेश, नेपाल

**विषय:-लेखा परीक्षणका लागि आशयपत्र पेश गर्ने सम्बन्धी सूचना ।**

**(प्रथम पटक सूचना प्रकाशित मिति २०८०।०९।०२ )**

प्रस्तुत विषयमा यस ढोरपाटन नगरपालिका भित्र संञ्चालित सामुदायिक तथा संस्थागत विद्यालयहरुको आ. व.२०७९।०८० सम्मको लेखा श्रेस्ता परीक्षण गर्ने प्रयोजनका लागि योग्य र इच्छुक नेपाल चार्टर्स एकाउन्टेन्टस् संस्थामा वैधानिक रुपले सूचीकृत लेखापरीक्षकहरुले सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र तपसिल बमोजिमका कागजात सहित यस नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा आशयपत्रको निवेदन पेश गर्न सम्बन्धित सबैमा यो सूचना प्रकाशित गरिएको छ । साथै अन्तिम दिन सार्वजानिक बिदा पर्न गएमा सोको भोलीपल्ट समेत निवेदन पेश गर्न सकिने व्यहोरा जानकारी गराइन्छ ।

विष्णु प्रसाद ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

**तपसिल**

१. सम्बन्धित लेखा परीक्षकको आशयपत्रको निवेदन ।
२. पेसागत प्रमाणपत्रहरुको प्रतिलिपि, नेपाली नागरिकताको प्रतिलिपि सहित ।
३. लेखा परीक्षण दर्ता प्रमाणपत्रहरुको प्रतिलिपि,नवीकरण सहित ।
४. आ. व. २०७९/२०८० सम्मको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि ।
५. प्रचलित कानुन बमोजिम कालो सूचिमा नपरेको तथा लेखा परिक्षणको कसुरमा कुनै कारबाही नभएको स्वः घोषणा ।
६. राजस्व शाखामा सूचिकृत दर्ता शुल्क रु १००० ।- अक्षरुपी एक हजार रुपैया बुझाएको नगदी रसिद ।
७. कुनै सरकारी कार्यालयमा कार्यरत भए सो संस्थाको सहमति पत्र ।

**नोटः-**

- म्याद नाघी आएको तथा माथि उल्लेखित प्रावधानहरु पूरा नगरी आएका निवेदन स्वतःअमान्य हुनेछ ।
- नियुक्ति बुझ्न पालिकामा उपस्थित हुनु पर्नेछ ।
- लेखापरीक्षण सम्वन्धित विद्यालयमा उपस्थित भइ सम्पन्न गरी सो को प्रतिवेदन यस कार्यालयमा स्वयम लेखापरीक्षकले पेश गर्नु पर्नेछ ।